बैठक नं.१९

आज मिति २०८०/०३/०६ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ७:१५ बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [signature] |
| ४ | सुनिल शाक्य | सदस्य | [signature] |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन मगर | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

विर बहादुर तामाङ:- का. वा. वडाध्यक्ष - ६.

सविता वि.क. - का. वा. वडाध्यक्ष - ८

प्रस्ताव नं.१९.१

**मिति २०८०।२।३१ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

निर्णय नं.१९.१

- नगर सभाको १३ औ अधिवेशन मिति २०८०।३।७ गते बिहीबार दिनको १ बजे बस्ने गरी मिति तोकिएको र सोही सिलसिलामा आगामी आ.ब. ०८०/०८१ को लागि प्रस्तावित नीतिहरु माथिको छलफल गर्ने गरी बैठक बसिरहेको ।
- स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड,२०८०स्वीकृत गरिएको।
- केवलकारको सेवा शुल्क निर्धारण सम्बन्धमा निणय लिइएको ।
- अव्यस्थित बसोबासीहरुलाई लालपूर्जा प्राप्तिका लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- अव्यस्थित बसोबासीको जग्गा ब्लक छुट्टाउने कार्य सम्पन्न भएका जंग्गाको नाप नंक्शाकन प्रकिया अगाडी बढाउने गरी निर्णय लिइएको ।
- आधुनिक पशुबधशालाको संचालन व्यवस्थापन(आय ठेक्का) का लागि न्यूनतम कबोल अंक स्वीकृत गरी नियमानुसार सूचना प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको र राष्ट्रिय दैनिक कान्तीपुरमा सूचना प्रकाशित भइसकेको ।
- गौशाला व्यवस्थापन तथा संचालन कार्यबिधि,२०७९ मा कार्यान्वयनको क्रममा संशोधन गर्न आवश्यक भएको हुदा सोही बमोजिम हुने गरी संशोधन गरिएको ।
- कार्यदल(ग्रेड) गठन गरिएको ।
- जापान र थाइल्याण्ड भ्रमणको उपलब्धिको बारेमा बैठकमा जानकारी लिइएको ।
- बिभिन्न ब्यक्ति एंव संघ संस्थाहरुलाई बिभिन्न प्रयोजनका लागि केही सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१९.२**

**आगामी आ.व. ०८०/०८१ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं.१९.२

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट तयार भइ प्रस्तुत हुन आएको वार्षिक नीति तथा कार्यक्रम माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषय वस्तुहरुलाई समेत तत् तत् बुदाहरुमा समावेश गरी तयार भएको परिमार्जन सहितको नीति नगर सभाको तेह्रौं अधिवेशनको प्रथम बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१९.३**

**जग्गाको न्यूनतम मूल्याँकन सम्बन्धमा ।**

निर्णय नं.१९.३

मालपोत कार्यालय बुटवलको प.सं.०७९/०८० च.नं.१०९०४ मिति २०८०/०२/२८ को पत्रबाट आगामी आ.व.०८०/०८१ का लागि जग्गाको न्यूनतम मूल्य निर्धारणका लागि लेखी आएको भए तापनि वर्तमान अवस्थामा आर्थिक गतिविधि चलायमान नभएका कारण जग्गा खरिद विक्रीमा समेत कमि आएको छ । वर्तमान परिस्थितिलाई मध्यनजर गर्दा हाललाई साविक बमोजिमकै जग्गाको न्यूनतम मूल्य निर्धारणलाई निरन्तरता दिन मनासिव हुने देखिएको सन्दर्भमा मिति २०८०/३/१ मा वसेको राजश्व परामर्श समितिको बैठकको निर्णयबाट समेत उपमहानगरवासीहरुलाई भूमिकरका दररेटमा बृद्धि गर्न सान्दर्भिक नदेखिएकोले बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका जग्गाको क्षेत्रगत आधारमा मूल्याँकन र रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण साविक बमोजिमकै दररेट कार्यान्वयन हुन भनि सिफारिस भइ आएको हुँदा सोही बमोजिम हुन मालपोत कार्यालय बुटवलमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४ विविध ।

प्रस्ताव नं.१९.४.१

वाटोको लगत कट्टा सम्बन्धमा ।

निर्णय नं.१९.४.१

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र विगतमा व्यक्तिको स्वामित्वमा रहेका तर हाल बाटो कायम भएका जग्गाहरुको अभिलेख एकिन गरी लगत कट्टा गर्न आवश्यक देखिएको हुँदा पूर्वाधार विकास समितिले सम्बन्धित वडाका वडाध्यक्षहरु संग सम्पर्क एवं समन्वय गरी सो को अध्ययन एवं अभिलेख तयार गरी १५ दिन भित्र नगर कार्यपालिका बैठकमा पेश गर्नका लागि पूर्वाधार विकास समितिलाई थप जिम्मेवारी तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.२

भुक्तानी सम्बन्धमा ।

निर्णय नं.१९.४.२

बुटवल उपमहानगरपालिका वडा नं.११ शुक्रवारे हाटबजार क्षेत्र अन्तर्गत तिनाउ नदीले कटान गरी क्षती भएको स्थानमा जनताको तटबन्ध कार्यालय बुटवल मार्फत २५ थान ग्यावियन जाली भर्ने कार्य योजना सम्झौता अनुसार प्राविधिक ल.ई.बमोजिमको कार्य सम्पन्न भएको भनि वडाको सर्जमिन मुचुल्का सहित वडा कार्यालयको प.सं.०७९/०८० च.नं. ५८६८ को मिति २०८०/०१/२० मा प्राप्त सिफारिस, सर्जमिन मुचुल्का योजना सम्झौता, प्राविधिक ल.इ.बमोजिमको, रु.१,५३,३९७/४३ एक लाख त्रिपन्न हजार तीन सय सन्तानब्बे र पैसा त्रिचालिस मात्र) प्रगतिनगर A टोल विकास समितिको नाममा भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.३

एच.आई भी.एड्स कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संसोधन २०८०) मा संसोधन सम्बन्धमा ।

निर्णय नं.१९.४.३

बुटवल उपमहानगरपालिकाको एच.आई.भि/एडस कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ कार्यान्वयनको सन्दर्भमा संसोधन आवश्यक भएको हुँदा उल्लेखित कार्यविधिमा देहाय बमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिको दफा, उपदफा | भएको व्यवस्था | संसोधनका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा ५ खण्ड घ थप | | यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बुटवल उपमहानगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिमको रकम एच.आइ.भी.संक्रमित १८ बर्ष मुनिका वालवालिकाहरुलाई पोषण, स्वास्थ्य र शैक्षिक सहयोग आ.व.२०७९ श्रावण १ गते देखि नै प्रदान गर्न वाधा पर्ने छैन । | बुटवल उपमहानगरपालिकाको बार्षिक बजेट तथा कार्यकममा व्यवस्था भए अनुरुप बजेट कार्यान्वयनलाई सहजिकरण गराउन, |

प्रस्ताव नं.१९.४.४

सहयोग सम्बन्धमा ।

निर्णय नं.१९.४.४

बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा उपमहानगरपालिकाको नाममा केही पुराना कर्कटपाता, पाईप र झ्यालहरु रहेको र वडा कार्यालय वडा नं.१२ को प.सं. ०७९/०८० च.नं. ३६०७ मिति २०८०/३/१ को पत्रबाट केही व्यक्ति एवं संस्थालाई पुराना सामान मध्येका केही सामान उपलब्ध गराइदिन अनुरोध भई आएको हुँदा वडा कार्यालयको माग बमोजिमका उक्त पुराना सामानहरु हस्तान्तरण गरी उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.५

विनियोजित रकम निकासा सम्बन्धमा ।

निर्णय नं.१९.४.५

सिद्धार्थ वाल तथा महिला अस्पताल बुटवल-७ च.नं.६०४/०७९/८० मिति २०८०/३/३ को प्राप्त पत्रानुसार उक्त अस्पतालको शैक्षिक विकासका लागि पूर्वाधार निर्माण प्रयोजनका लागि विनियोजित रकम रु.१० लाख (दश लाख मात्र) उक्त अस्पताललाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.६

असाधारण विदा सम्बन्धमा ।

निर्णय नं.१९.४.६

(क) यस कार्यालयको जनस्वास्थ्य निरीक्षक अधिकृतस्तर छैटौं तह (प्रा.) मा कार्यरत युवराज शर्मा भण्डारीले मिति २०८०/३/१ गते देखि २०८१/२/३० सम्म १ वर्षको असाधारण (वेतलवी) विदा स्वीकृतिका लागि अनुरोध गरी पेश गरेको निवेदन आजको बैठकमा पेश भई छलफल हुँदा निजलाई उक्त विदा आवश्यक भएको बुझिएकोले नियमानुसार विदा स्वीकृतिका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

(ख) यस कार्यालयको ईन्जिनियर, अधिकृतस्तर छैटौं तह (प्रा.) मा कार्यरत मायाँ गैरेले मिति २०८०/३/१ गते देखि २०८१/२/३० सम्म असाधारण (वेतलवी) विदा स्वीकृतिका लागि अनुरोध गरी पेश गरेको निवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा असाधारण विदा उपलब्ध गराउन सेवा अवधि नपुगेको तर निजलाई असाधारण विदा आवश्यक भएको हुँदा मिति २०८०/३/१ गते देखि मिति २०८१/२/३० सम्म निजलाई नियमानुसार असाधारण विदा (वेतलवी) को सुविधा उपलब्ध गराउने व्यवस्थाका लाग सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.७

सहयोग सम्बन्धमा ।

निर्णय नं.१९.४.७

**विभिन्न व्यक्ति एवम सघं संस्थाहरुले विभिन्न मितिमा सहयोगका लागि माग गरेका पत्रहरु आजको बैठकमा प्रस्तुत भई छलफल हुँदा देहायका व्यक्ति एवं संस्थाहरुलाई देहायको प्रयोजनको लागि देहाय बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।**

| सि.नं. | व्यक्ति/संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी रक्त संञ्चार केन्द्र रुपन्देही | अनुदान सहयोग | रु.३ लाख |
| २ | बुटवल जेसिज | सन्देश मूलक सूचना प्रकाशन | रु. ५० हजार |
| ३ | रुपन्देही बचत तथा ऋण सहकारी संघ लि. | सन्देश मूलक सूचना | रु. २५ हजार |
| ४ | मेचि महाकाली साइकल यात्री | सहयोग | रु. १५ हजार |
| ५ | गणित शिक्षा परिषद प्रदेश कार्यसमिति लुम्बिनी प्रदेश | सहयोग | रु. २५ हजार |
| ६ | लुम्बिनी वाङमय कला प्रतिष्ठान रुपन्देही | सहयोग | रु. २० हजार |
| | महिला उद्यमी मन्च | सहयोग | रु १० हजार |

प्रस्ताव नं.१९.४.८
सेवा प्रवाहको मूल्याङ्कन सम्बन्धमा ।
निर्णय नं.१९.४.८

यस बुटवल उपमहानगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रवाह भएका सेवा सन्दर्भमा वडा कार्यालयहरुको स्थलगत अनुगमनको सन्दर्भमा सेवा ग्राहीसंग गरिएको वार्ता, नगर कार्यपालिकाको कार्यालयबाट प्रदान गरिएको सेवा, गुनासो पेटिका र सेवाग्राहीबाट लिएको मौखिक र अन्य माध्यमबाट गरिएको सर्वेक्षणको आधारमा समेत उपमहानगरपालिका प्रति कुनै गुनासो र असन्तुष्टि नरहेको व्यहोरा आजको बैठकमा जानकारी भयो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुख ज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।